आज मिति २०८२ माघ १५ गते विहीबारको दिन विहान १०:०० बजे दार्मा गाउँपालिका आ.व. २०८२/८३ को १३ औँ कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री निम बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसी तपसिलका प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो ।

**तपसिल**

| सि.नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | निम बहादुर के.सी. | गाउँपालिका अध्यक्ष | |
| २ | जुना मल्ल चन्द | गाउँपालिका उपाध्यक्ष | |
| ३ | रेशम ओली | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | टंक बहादुर वली | सदस्य | |
| ५ | सार्की खत्री | सदस्य | |
| ६ | पोखर बहादुर खत्री | सदस्य | |
| ७ | चन्द्र बहादुर रावत | सदस्य | |
| ८ | सुदिप के.सी. | सदस्य | |
| ९ | देवी खत्री | सदस्य | |
| १० | धनिराम नेपाली | सदस्य | |
| ११ | लाल बहादुर सुनार | सदस्य | |
| १२ | रुपा चन्द मल्ल | सदस्य | |

**निम बहादुर के.सी.**
**अध्यक्ष**

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

**रेशम ओली**
**प्रमुख प्रशासकीय अधिकृत**

| | | | |
|---|---|---|---|
| १३ | रेवती कुमारी कामी | सदस्य | रेवति |
| १४ | पुष्पाञ्जली मगर | सदस्य | [illegible] |
| १५ | हिरा खड्का | सदस्य | [illegible] |
| १६ | सूर्य ब. लुवांथोकी | का.स. | [illegible] |

प्रस्तावहरु

१. समुहमा प्रविधि हस्तान्तरन कार्यक्रम सम्बन्धमा ।
२. उद्यम विकास समिति गठन सम्बन्धमा ।
३. लघु उद्यम विकास कार्यक्रम सन्चालनका लागि बजेट तथा कार्ययोजना स्वीकृत गर्ने सम्बन्धमा।
४. कार्यक्रम सन्चालनका लागि वडा छनौट गर्ने सम्बन्धमा।
५. पुराना उद्यमीहरुको स्तरोन्नति गर्ने सम्बन्धमा।
६. उपाध्यक्षसँग उद्यमी कार्यक्रम सन्चालन सम्बन्धमा।
७. कार्यक्रम माग गर्ने सम्बन्धमा ।
८. सडक बोर्ड अन्तरगत बार्षिक कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।
९. शहिद परिवारको विमा सम्बन्धमा ।
१०. मर्मत संभार गर्ने आयोजनाको सूची स्वीकृत गर्ने सम्बन्धमा।
११. भेडा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
१२. स्थानीय कार्यक्रम कार्यान्वयन समिति गठन सम्बन्धमा ।
१३. आर्थिक सहायता सम्बन्धमा ।
१४. विविध

**निर्णय नं १**

चालु आर्थिक बर्षमा उद्यम विकास तर्फको समुहमा प्रविधि हस्तान्तरण शिर्षकमा विनियोजन भएको बजेटबाट धान काट्ने र धान मिर्ने थ्रेसर मेशिन खरिद गरी ५० प्रतिशत अनुदानमा कृषक समूहम वितरण गर्ने ।

**निर्णय नं २**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ५८ बमोजिम तपसिलको उद्यम विकास समिति गठन गर्ने ।

१. निम बहादुर के.सी. संयोजक
२. पुष्पाञ्जली मगर सदस्य

निम बहादुर के.सी.
अध्यक्ष

निर्णय प्रमाणित

रेशन ओली
प्रमुख प्रशासकीय अधिकृत

३. रेशम ओली — सदस्य
४. टिका शर्मा वली — सदस्य
५. सिता शाही — सदस्य
६. सुरेन्द्र प्रकाश के.सी. — सदस्य
७. पुष्पा रोकाय — सदस्य सचिव

**निर्णय नं ३**

चालु आ.व २०८२/०८३ मा उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयको वित्तिय हस्तान्तरण कार्यक्रम अन्तर्गत गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम संचालनार्थ यस आर्थिक बर्षमा १२ जना नयाँ लघु उद्यमी सिर्जना गर्नका लागि रु ३३६, ०००/-(तीन लाख छत्तिस हजार मात्र) रुपैया, ५ जना भैरहेका उद्यमीहरुलाई स्तरोन्नति गर्नका लागि रु ७०,०००।( सहत्तर हजार मात्र) र समुहमा प्रविधि हस्तान्तरण गर्नका लागी एक लाख चालिस हजार मात्र) रुपैयाँ हस्तान्तरण भई आएको हुँदा सो बजेट गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ अनुसूची २ अनुसार कार्य योजना तथा अनुसूची २ तालिका नं १ अनुसार नयाँ लघु उद्यमी सिर्जना तथा स्तरोन्नतिका लागि तपसिल बमोजिम बजेट तर्जुमा स्वीकृत गर्ने ।

तपसिल:

| क्रियाकलाप | बजेट प्रतिशत | जम्मा बजेट |
|---|---|---|
| उद्यम विकासका लागि सामाजिक परिचालन | ३% | १०,०८०। |
| उद्यमशिलता विकास तालिम(आफ्नो व्यवशाय सुरु तथा सुधार गर्नुहोस) | ८% | २६,८८०। |
| प्राविधिक सिप विकास तालिम | ४१% | १३७,७६०। |
| प्रविधि हस्तान्तरण | १८% | ६०,४८०,। |
| वित्तिय सेवामा पँहुच | ३% | १०,०८०। |
| बजारिकरणमा सहयोग | ३% | १०,०८०। |
| उद्यम विकास सहजकर्ताहरु परिचालन | २४% | ८०,६४०। |

निम बहादुर के.रे.
अध्य

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| जम्मा | | ३३६,०००। |
| उद्यमीहरुको स्तरोन्नती(पुनर्ताजगी तथा एडभान्स सीप विकास तालिम) | १००% | ७०,०००। |
| समुहमा प्रविधि हस्तान्तरण | १००% | १,४०,०००। |
| जम्मा | | ५४६,०००। |

**निर्णय नं ४**

आर्थिक वर्ष २०८२/८३ मा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमबाट नयाँ लघु उद्यमी सिर्जना गर्नका लागि वडा नं ५ मा कार्यक्रम संचालन गर्ने।

**निर्णय नं ५**

चालु आ.व. मा स्तरोन्नतीका लागि विनियोजित बजेटबाट गत आ.व. २०८१/०८२मा सिर्जना गरिएका वडा नं. ३ का उद्यमीहरुलाई स्तरोन्नती तालिम संचालन गर्न अनुमति दिने।

**निर्णय नं ६**

उपाध्यक्षसँग उद्यमी कार्यक्रम कार्यान्वयनको लागि दार्मा गाउँपालिकाका उद्यमीहरुलाई मसला बनाउने तालिम सञ्चालन गर्ने।

**निर्णय नं ७**

आर्थिक बर्ष २०८२/८३ को लागि दार्मा गाउँपालिका सल्यानलाई संघीय शशर्त अनुदानमा तपसिलका कार्यक्रम समावेश

१. राष्ट्रिय फल सुन्तला विशेष कार्यक्रम

२. खाद्यान्न बाली प्रवर्द्धन कार्यक्रम

निम बहादुर के.सी.
अध्यक्ष

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

रोशन ओली
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ८**

आर्थिक बर्ष २०८२/८३ मा सडक बोर्डसँगको साझेदारीमा कार्यान्वयन हुनेगरी तपसिलको आयोजना छनौट गरी बार्षिक कार्यक्रम स्वीकृत गर्ने । र सडक बोर्ड नियमावली, २०६० को नियम ९ बमोजिम यस पालिकाले वेहोर्नुपर्ने रकम रु. ३,००,०००। (तिनलाख) विनियोजन गर्ने ।

तपसिल

| सि नं | योजनाको नाम | ठेगाना | सडक बोर्डबाट प्राप्त | गा.पा. ले बेहोर्ने | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | मौलेखाली सिलिङ्गी सडक खण्ड | दार्मा-२ | ७,००,००० | ३,००,००० | १०,००,००० |

**निर्णय नं ९**

सशस्त्र युद्का शहिद परिवारहरुलाई निशुल्क: स्वास्थ्य विमामा आवद्द गर्नको लागि आवश्यक बजेटको व्यवस्थापन गर्ने । कार्यविधि नबन्दा सम्मको लागि "परिवार" लाई तपसिल बमोजिम परिभाषित गर्ने ।

तपसिल

१. "परिवार" भन्नाले शहिदका पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनुपर्छ। सो शव्दले पुरुष र अविवाहित महिलाको हकमा निजको बाजे, बज्यै, तथा विवाहित महिलाको हकमा निजको सासु, ससुरा समेतलाई बुझाउदछ ।

**निर्णय नं १०**

तपसिलका कार्यविधिको ड्राफ्ट गरी पेश गर्ने ।

१. स्थानीय स्वास्थ्य संस्था दर्ता, सञ्चालन तथा नविकरण सम्बन्धी कार्यविधि
२. शहिद परिवारलाई निशुल्क स्वास्थ्य विमा सम्बन्धी कार्यविधि

**निर्णय नं ११**

जिम बहादुर कुँवर.ली.
अध्यक्ष

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

रेशन ओली
प्रमुख प्रशासकीय अधिकृत

राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८२ को दफा ११ बमोजिम तपसिलको स्थानीय कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने ।

| | |
|---|---|
| १. निम बहादुर के.सी. | अध्यक्ष |
| २. रेशम ओली | सदस्य |
| ३. पुष्पाञ्जली मगर | सदस्य |
| ४. दिपक कंवर | सदस्य |
| ५. निर्मोद के.सी. | सदस्य |
| ६. रिजिन थापा | सदस्य |
| ७. निम बहादुर रोकाय | सदस्य |
| ८. राजकुमार वली | सदस्य |

## निर्णय नं १२

१. सघिय सरकारको ससर्त अनुदान भेडा प्रवर्द्धन कार्यक्रमको प्रस्ताव मिति २०८२।०८।२२ गेतको २१ दिने सूचना अनुसार उक्त समयाबधी भित्र ३ जना ले प्रस्ताव पेश गरेकोमा पेश भएका कागजातहरु तथा स्थलगत अनुगमनको आधारमा भेडा प्रवर्द्धन कार्यक्रम कार्यान्यिन सहजीकरण समिति को सिफारिस अनुसार तपसिल अनुसारको २ जनाको ५० प्रतिशत अनुदानका लागी माग भएका क्रियाकलापहरु संचालन गर्न प्रस्ताव स्विकृत गरि सम्झौता गर्ने र स्विकृत भएको निर्णय सार्वजनीक सूचना मार्फत जानकारी दिने ।

| क्र स | फर्मको नाम | कृषकको नाम | ठेगाना | अनुदान रकम |
|---|---|---|---|---|
| १ | आरके सी कृषि तथा पशुपंक्षी फार्म | रामकृष्ण चन्द | दार्मा-५, आला | १,८०,००० |
| २ | धनमाया कृषि तथा पशुपन्छी फार्म | डिल्ली रेग्मी बस्नेत | दार्मा-४, रामिडाँडा | १,८०,००० |
| | | | जम्मा | ३,६०,००० |

## निर्णय नं १३

निम बहादुर के.सी.
अध्यक्ष

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्षबाट प्रदान गरिने आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७७ को तपसिलको दफा बमोजिम देहायका व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने।

तपसिल

| सि नं | व्यक्तिको नामथर | ठेगाना | समस्या | सहायता रकम | दफा |
|---|---|---|---|---|---|
| १ | हिमराज सुनार | दार्मा ६ | मुटु | १०००० | |
| २ | सितला खत्री | दार्मा ६ | मानसिक | १०००० | |
| ३ | मिरा चन्द | दार्मा ४ | मुटु | १०००० | |
| ४ | गोमती शाही | दार्मा ६ | नशा | १०००० | |

**निर्णय नं १४ : विविध**

क) जनज्योती मा.वि. फारुलाचौरको चलानी नं १२५, मिति २०८२/१०/१९ को पत्रअनुसार सोलार ब्याट्रीहरु माग भएकोमा तपसिलको परिमाणमा उक्त ब्याट्रीहरु हस्तान्तरण गर्ने।

तपसिल

१. सोलार ब्याट्री, KAIZEN, 200 एम्पियर ( पुरानो ), - ८ वटा जम्मा १६०० एम्पियर

ख) परामर्श सेवा खरिद गरी तपसिलका कार्यक्रमहरु कार्यान्वयन प्रकृया अगाडि बढाउने।

१. फोहोरमैला व्यवस्थापन योजना निर्माण तथा ल्याण्डफिल्ड साइटको डि.पि.आर.

२. सेवा तथा परामर्श खर्च ( मध्यकालिन संरचना र आर्थिक सर्वेक्षण )

लिल बहादुर के.सी.
अध्यक्ष

निर्णय प्रमाणित

ग्राम नगरपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत